पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल ।

: ४६४३३९ (Ext.109)
इमेलः puoemgt@puexam.edu.np

मेडिकल/प.सं./च.नं.

मितिः २०८२।०४।०८

**श्री क्याम्पस/कलेज/स्कूल प्रमुखज्यू,**
**MPH/M.Pharmacy शैक्षिक कार्यक्रम अध्यापन गराउने सम्पूर्ण क्याम्पस/कलेज/स्कूलहरू**

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्धारा २०८२ (सन् २०२५) सालमा सञ्चालन हुने **चिकित्साशास्त्र** संकाय अन्तर्गत स्नातकोत्तर तह **MPH/M.Pharmacy**_शैक्षिक कार्यक्रमको **तेस्रो सेमेष्टर नियमित तथा आंशिक रूपमा** त्यस क्याम्पस/कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई **२०८२।०४।२३** गते सम्म **परीक्षा आवेदन फाराम भराई मिति २०८२।०४।२५ गते नियमानुसारको परीक्षा शुल्क यस कार्यालयको नविल बैंक लि.को खाता नम्बर 00710017518402 मा** जम्मा गरी सो को सक्कलै भौचर र परीक्षा आवेदन फाराम मिति **२०८२।०४।२७** गते सम्ममा पू.वि.परीक्षा व्यवस्थापन कार्यालय,विराटनगरमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । तोकिएको म्याद भित्र परीक्षा आवेदन फाराम भर्न छुट भएका विद्यार्थीहरुलाई तपसिल बमोजिमको **विलम्ब शुल्क** सहित परीक्षा आवेदन फाराम भराई पू.वि. परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा पठाउनु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान .........यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

*परीक्षा आवेदन फारम भराउँदा तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।*

**तपसिल**

१. परीक्षा आवेदन फाराम पठाउदा शैक्षिक सत्र (Batch) अनुसार, अंग्रेजीको बर्णानुक्रमअनुसार Ascending order मा फाराम मिलाई विषयगत विवरण फाराम तयार गरी फाईलिङ्ग गरी पठाउनु पर्ने छ।

२. **परीक्षा आवेदन फाराममा विद्यार्थीले रजिस्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । तोकिएको कागजातहरु पुरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरुको फाराम स्वीकृत हुने छैन।**

३.परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ। अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ।

४.परीक्षा आवेदन फारमको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

५.परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ। प्रयोगात्मक विषयमा मात्र अनुतिर्ण विद्यार्थीले समेत अनिवार्य रुपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ।

६.कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रतिविषय रू ५००।- लाग्नेछ।

**७. परीक्षा शुल्क देहाय बमोजिम हुनेछ-**

| विवरण | शुल्क |
|---|---|
| **१. नियमित/आँशिक** | **रू २,१००।००** |
| **२. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र)** | **रू १,०००।००** |
| **३. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले १० दिन सम्म)** | **रू २,०००।००** |
| **४.विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म)** | **रू ३,०००।००** |

..................
**परीक्षा नियन्त्रक**